
# बलेफी गाउँपालिकाको आ.व.२०८१/०८२ को वार्षिक समीक्षा

# सिन्धुपाल्चोक

२०८२ श्रावण २८ गते

# परिचय

- क्षेत्रफलः ६१.६० वर्ग कि.मी.
- वडा संख्याः ८
- जम्मा जनसंख्याः १७,०८५
  - पुरुषः ८,४०७, महिलाः ८,६७८
- कुल परिवार संख्याः ४,८२९
- कूल साक्षरता दरः ७२.१%
- गाउँसभा सदस्य संख्याः ४३



# परिचय

## बलेफी गाउँपालिकाका कार्यालयहरू

| क्र.सं. | कार्यालयको नाम | क्र.सं. | कार्यालयको नाम |
|---|---|---|---|
| १. | गाउँ कार्यपालिकाको कार्यालय, बलेफी | १०. | जलबिरे प्राथमिक स्वास्थ्य केन्द्र, जलबिरे |
| २. | १ नं. वडा कार्यालय, जलबिरे | ११. | आधारभूत स्वास्थ्य सेवा केन्द्र, बलेफी गाउँपालिका-२ (धन्सार) |
| ३. | २ नं. वडा कार्यालय, फुल्पिङकोट | १२. | सामुदायिक स्वास्थ्य इकाई, बलेफी गाउँपालिका-३ (धुस्कोट) |
| ४. | ३ नं. वडा कार्यालय, धुस्कोट | १३. | आधारभूत स्वास्थ्य सेवा केन्द्र, बलेफी गाउँपालिका-५ (मुलाबारी) |
| ५. | ४ नं. वडा कार्यालय, अदमारा | १४. | स्वास्थ्य चौकी, बलेफी गाउँपालिका-४ (फुल्पिङडाँडा) |
| ६. | ५ नं. वडा कार्यालय, बलेफी | १५. | स्वास्थ्य चौकी, बलेफी गाउँपालिका-३ (फुल्पिङकोट) |
| ७. | ६ नं. वडा कार्यालय, मांखा | १६. | स्वास्थ्य चौकी, बलेफी गाउँपालिका-७ (मांखा) |
| ८. | ७ नं. वडा कार्यालय, खाडीचौर | १७. | आधारभूत स्वास्थ्य सेवा केन्द्र, बलेफी गाउँपालिका-८ (टोप्का) |
| ९. | ८ नं. वडा कार्यालय, लामोसाँघु | १८. | आधारभूत स्वास्थ्य सेवा केन्द्र, बलेफी गाउँपालिका-६ (जालबारी) |
| | | १९. | सामुदायिक स्वास्थ्य इकाई, बलेफी गाउँपालिका-६ (मांखा) |

# स्थानीय तहको समग्र अवस्थाको विवरण

| सि.नं | विवरण | अवस्था |
|---|---|---|
| १ | जनशक्ति व्यवस्थापन | क. जम्मा स्वीकृत दरवन्दी: ७३ (४८+२५) पदपूर्ति: ३५ रिक्त: ३८<br>ख. कर्मचारी समायोजन पश्चात O & M सर्वेक्षण गरी प्रतिवेदन स्वीकृत नभएको। |
| २ | प्रशासकीय भवन र पहुँच | क. प्रमुख प्रशासकीय भवन: बनेको।<br>ख. आफ्नै वडा कार्यालय: भएको वडा संख्या ६ नभएको वडा संख्या २<br>ग. वडा केन्द्रसम्म सडक पुगेको वडाको संख्या ८ |
| ३ | कानून निर्माणको अवस्था | क. ऐनको संख्या: २६ ख. नियमावलीको संख्या: ५<br>ग. कार्यविधि/मापदण्ड/निर्देशिकाको संख्या: ५० |
| ४ | विभिन्न योजना तथा दस्तावेज निर्माणको अवस्था | क. आवधिक योजना: बनेको (प्रथम)।<br>ख. वार्षिक बजेटसँगै तोकिएको ढाँचा अनुरुप मध्यमकालिन खर्च संरचना: नबनेको।<br>ग. स्थानीय तहको वस्तुस्थिति विवरण: बनेको।<br>घ. भूउपयोग योजना: बनेको।<br>ङ. स्थानीय भवन निर्माण मापदण्ड: बनेको।<br>च. राजस्व सुधार कार्ययोजना: नबनेको।<br>छ. आन्तरिक नियन्त्रण प्रणाली: नबनेको। |

# स्थानीय तहको समग्र अवस्थाको विवरण

| सि.नं | विवरण | अवस्था |
|---|---|---|
| ५ | स्थानीय तहको मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीको प्रयोग | क. स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कनको प्राप्ताङ्क ८४.७५ (गुणस्तर परीक्षण पश्चात)<br>ख. स्थानीय तहको वित्तीय सुशासन जोखिम मूल्याङ्कनको प्राप्ताङ्क ९२<br>ग. मन्त्रालयले तयार गरेको स्थानीय तहको प्रगति अनुगमन प्रणालीमा विवरण प्रविष्टी: नभएको |
| ७ | न्यायिक समिति सम्बन्धी | क. दर्ता भएका उजुरी/गुनासो संख्या: १६<br>ख. कारवाही वा फछ्यौंट भएका उजुरी संख्या: १२<br>ग. कारवाही वा फछ्यौंट भएका मध्ये पुनरावेदनमा गएका संख्या: ० |
| ८ | वेरुजु सम्बन्धी | क. आ.व. २०८१/८२ सम्मको कायम कुल वेरुजु रकम (रु. हजारमा) २,१२,८५३<br>ख. आ.व. २०८१/८२ मा फछ्यौंट भएको वेरुजु रकम (रु. हजारमा) १,६४२<br>ग. आ.व. २०८२/८३ मा फछ्यौंट गर्नुपर्ने कुल वेरुजु रकम (रु. हजारमा): २,१२,८५३ |
| ९ | वातावरण तथा विपद् व्यवस्थापन | क. दमकल सेवाको उपलब्धता: व्यवस्था नभएको<br>ख. फोहोर प्रशोधन केन्द्र: नभएको<br>ग. स्यानीटरी ल्याण्डफिल साईट: नभएको |

# स्थानीय तहको समग्र अवस्थाको विवरण

| सि.नं | विवरण | अवस्था |
|---|---|---|
| १० | सेवा प्रवाह, पारदर्शिता र जवाफदेहिता | क. अनलाईन मार्फत प्रदान गरिएको सेवाको संख्याः ... (डिजीटल गभर्नेन्स फ्रेमवर्कले तोकेका मध्ये)<br>ख. नागरिक वडापत्रः भएको<br>ग. सूचना अधिकारीः तोकेको<br>घ. गुनासो व्यवस्थापन, सार्वजनिक सुनुवाई, सार्वजनिक परीक्षण र सामाजिक परीक्षणको लागि कानूनी व्यवस्थाः भएको<br>ङ. निगरानी निकाय तथा कार्यालयमा प्राप्त उजुरी/गुनासो संख्या: ० फछ्यौंट संख्याः ० |
| ११ | अभियानमूलक कार्यक्रम | क. वालमैत्री स्थानीय तह घोषणा भएको वडाको संख्याः ८ मध्ये १<br>ख. पोषणमैत्री स्थानीय तह घोषणा भएको वडाको संख्याः ०<br>ग. वालश्रम मुक्त स्थानीय तह घोषणा भएको वडाको संख्याः ० |

# आर्थिक वर्ष (२०८१/८२) को खुद आम्दानी र खर्चको विवरण

रकम रु. हजारमा

| स्रोतको किसिम | | | खुद प्राप्त भएको | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|---|
| वित्तीय समानीकरण अनुदान | सङ्घ | | 106349 | १०,४५,८८ | 90.23 % |
| | प्रदेश | | 11875 | १,०६,७६ | ८९.९१% |
| सशर्त अनुदान | सङ्घ | चालु | १५,५४,०७ | १५,५४,०७ | ९२.४७% |
| | | पूँजीगत | २,६७,४१ | २,६७,४१ | 86.26% |
| | प्रदेश | चालु | 24173 | १,०२,८० | 92% |
| | | पूँजीगत | | १,२३,६८ | 95.14% |
| समपुरक अनुदान | सङ्घ | | 15000 | १,२१,९५ | ८१.३% |
| | प्रदेश | | 20000 | १,३६,७१ | 68.35% |
| विशेष अनुदान | सङ्घ | | 0 | 0 | 0% |
| | प्रदेश | | 8000 | ५८,०५ | 72.26% |

# आर्थिक वर्ष (२०८१/८२) को खुद आम्दानी र खर्चको विवरण

रकम रु. हजारमा

<table>
<tr><th colspan="2">स्रोतको किसिम</th><th>खुद प्राप्त भएको</th><th>खर्च</th><th>खर्च प्रतिशत</th></tr>
<tr><td rowspan="2">राजश्व बाँटफाटबाट प्राप्त</td><td>संघ</td><td rowspan="2">८,९३,५४</td><td rowspan="2">८,६६,५०</td><td rowspan="2">96.97%</td></tr>
<tr><td>प्रदेश</td></tr>
<tr><td colspan="2">रोयल्टी</td><td></td><td></td><td></td></tr>
<tr><td colspan="2">आन्तरिक स्रोत</td><td>10290</td><td></td><td rowspan="3">%</td></tr>
<tr><td colspan="2">ऋण</td><td>0</td><td>0</td></tr>
<tr><td colspan="2">अन्य (अ.ल्या. भए खुलाउने )</td><td>३,४६,०५</td><td></td></tr>
<tr><td colspan="2">जम्मा</td><td>४८,८९,४५</td><td>४८,१३,९०</td><td>98%</td></tr>
</table>

# विषयक्षेत्रगत विनियोजन र खर्चको अवस्था

रकम रु. हजारमा

| सिनं | विषय क्षेत्र | वार्षिक विनियोजित बजेट | खर्च रकम | खर्च प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| १ | आर्थिक विकास | 23553 | 19985 | 84.25% | |
| २ | सामाजिक विकास | 267212 | 245224 | 91.77% | |
| ३ | पूर्वाधार विकास | 137166 | 112859 | 82.28% | |
| ४ | वन, वातावरण तथा विपद् व्यवस्थापन | 4569 | 3426 | 75.5% | |
| ५ | सुशासन तथा संस्थागत क्षमता विकास | 126700 | 103320 | 85.20% | |
| | जम्मा | 549200 | 484814 | 87.65% | |

# स्वीकृत योजना तथा कार्यक्रमको विवरण

**बजेटको आधारमाः**

| क्र.सं. | बिबरण | आ.व. २०८१/८२ को योजना संख्या |
|---|---|---|
| १. | ५० लाख भन्दा बढी बजेटको आयोजना | ६ |
| २. | २५+ देखि ५० लाखसम्मको आयोजना | २ |
| ३. | ५+ देखि २५ लाखसम्मको योजना | २३ |
| ४. | ५ लाखसम्म बजेटको आयोजना | २०८ |
| | जम्मा | २३९ |

**कार्यान्वयन तह/क्षेत्रको आधारमाः**


| क्र.सं. | बिबरण | आ.व. २०८१/८२ को योजना संख्या |
|---|---|---|
| १. | गाउँपालिका स्तरीय | १४४ |
| २. | वडास्तरीय | ९६ |
| | **जम्मा** | २३९ |

**योजना तथा कार्यक्रम कार्यान्वयन विधिः**

| क्र.सं. | बिबरण | आ.व. २०८१/८२ को योजना संख्या |
|---|---|---|
| १. | उपभोक्ता समिति मार्फत | २३३ |
| २. | निर्माण व्यवसायी मार्फत | ६ |
| ३. | अन्य | ३० |
| | जम्मा | २६९ |

# आर्थिक वर्ष २०८१/८२ मा सम्पादित उल्लेखनिय कार्यहरु

# प्रशासन योजना तथा अनुगमन शाखा




# प्रशासन योजना तथा अनुगमन शाखा

- आ.व. २०८०/०८१ को वार्षिक समीक्षा कार्यक्रम सम्पन्न,
- गाउँ कार्यपालिकाको कार्यालयमा रहेको शाखाहरुलाई केन्द्रिकृत गर्दै एउटै छानामुनिबाट सेवा सञ्चालन हुने गरी गाउँपालिकाको नयाँ प्रशासकीय भवनबाट सेवा प्रवाहको सुरुवात,
- गाउँ कार्यपालिका कार्यालयको परिसरभित्र चमेना गृह सञ्चालनको लागि आवश्यक व्यवस्थापकीय पक्षका कार्य सम्पन्न गरी प्रक्रियागत तबरबाट चमेना गृह सञ्चालन सुरुवात,
- स्थानीय तहको स्थापनाकालबाट हालसम्म बलेफी गाउँपालिकामा कार्यरत कर्मचारिहरुको पूर्ण व्यक्तिगत विवरण सहितको कर्मचारी अभिलेख अद्यावधिक गर्ने कार्य अन्तिम चरणमा रहेको छ।

# प्रशासन योजना तथा अनुगमन शाखा

- बलेफी गाउँपालिकाले २०७४ सालदेखि हालसम्म पारित गरेका ऐन, नियमावली, कार्यविधि तथा मापदण्ड, निर्देशिकाहरू गरी जम्मा ७८ स्थानीय कानूनहरूलाई स्थानीय राजपत्रमा प्रकाशन गरी वेवसाइटमा व्यवस्थित तवरले राखी अभिलेख किताबमा रेकर्ड अद्यावधिक गरेको छ । साथै, कानूनहरूको संग्रह किताब बनाउने कार्य अन्तिम चरणमा पुगेको छ।



खण्ड-१ भाग-२ सङ्ख्या-१ बलेफी स्थानीय राजपत्र प्रकाशित मिति २०७४/०३/३०

स्थानीय राजपत्र

बलेफी गाउँपालिकाद्वारा प्रकाशित

खण्ड-१ सङ्ख्या-१ बलेफी स्थानीय राजपत्र प्रकाशित मिति २०७४/०३/३०

भाग-२

**बलेफी गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालयको सूचना**

नेपालको संविधान बमोजिम गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको नियमावली सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

**बलेफी गाउँ कार्यपालिका (कार्य विभाजन) नियमावली, २०७४**

नेपालको संविधानको धारा २१८ ले दिएको अधिकार प्रयोग गरी बलेफी गाउँपालिकाको गाउँ कार्यपालिकाले आफ्नो कार्य विभाजनका लागि मिति २०७४/०३/२५ गतेको निर्णय अनुसार देहायका नियमहरु बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यी नियमहरुको नाम **"गाउँ कार्यपालिका (कार्य विभाजन) नियमावली, २०७४"** रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।


२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,

(क) "अध्यक्ष" भन्नाले गाउँ कार्यपालिकाको अध्यक्ष सम्झनुपर्छ ।

(ख) "उपाध्यक्ष" भन्नाले गाउँ कार्यपालिकाको उपाध्यक्ष सम्झनुपर्छ ।

१

स्थानीय राजपत्र



खण्ड-९ भाग-२ सङ्ख्या-२ बलेफी स्थानीय राजपत्र प्रकाशित मिति २०८२/०२/२३

स्थानीय राजपत्र

बलेफी गाउँपालिकाद्वारा प्रकाशित

खण्ड-९ सङ्ख्या-२ बलेफी स्थानीय राजपत्र प्रकाशित मिति २०८२/०२/२३

भाग-२

**बलेफी गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालयको सूचना**

नेपालको संविधान बमोजिम गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको निर्देशिका सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

**विद्यालय बस निर्देशिका, २०८२**

बलेफी गाउँपालिका, सिन्धुपाल्चोकले शिक्षण संस्थाहरुले विद्यार्थीहरु ओसारपसार गर्ने उद्देश्यले संचालनमा ल्याएका सवारी साधनहरुले दिने यातायात सेवालाई सुरक्षित, आरामदायी र भरपर्दो बनाउने उद्देश्यले स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा १०२ (२) को अधिकार प्रयोग गरी यो निर्देशिका जारी गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ :

(१) यस निर्देशिकाको नाम **"विद्यालय बस निर्देशिका, २०८२"** रहेको छ ।

(२) यो निर्देशिका कार्यपालिकाबाट स्वीकृत भएको मितिबाट लागू हुनेछ ।

१

स्थानीय राजपत्र

# प्रशासन योजना तथा अनुगमन शाखा


- बलेफी गाउँपालिकाको आ.व. २०८१/०८२ को चौमासिक रूपमा सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न भएको,
- गाउँपालिकाले सर्वसाधारणको सूचनाको हकलाई प्रवर्द्धन गर्दै सम्बन्धी ऐन, २०६४ को दफा ५ तथा नियमावली, २०६५ को नियम ३ बमोजिम त्रैमासिक रूपमा **“स्वतः प्रकाशन”** प्रकाशन गरि वेबसाइट तथा फेसबुक पेज मार्फत सार्वजनिकरण गरेको,

**Balephi Rural Municipality-बलेफी गाउँपालिका**

August 12 at 5:51 PM ·

सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ को उपदफा (३) र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको बलेफी गाउँपालिकाको आ.व. २०८१/०८२ को चौथो त्रैमासिक (२०८२ वैशाख देखि २०८२ असार मसान्तसम्म) को प्रगति विवरण (स्वतः प्रकाशन) तलको Link क्लिक गरेर तथा QR Code स्क्यान (Scan) गरि हेर्न सकिनेछ।

http://bit.ly/41A0NgF



सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ तथा नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको

स्वतः प्रकाशन

२०८२ वैशाख १ – २०८२ असार मसान्तसम्म

# राजश्व उपशाखा

## नदीजन्य पदार्थ उत्खननः

| क्र.सं. | योजनाको नाम | लगत अनुमान | सम्झौता रकम रु. | कामको अवस्था |
| --- | --- | --- | --- | --- |
| १. | दहत्तर बहत्तर ठेक्का | २६,२६,००० | २४,९१,७१० | कार्यसम्पन्न भएको |

## आ.व. २०८१/०८२ को आन्तरिक आम्दानीको विवरणः

मिति २०८१/०४/०१ देखि २०८२ असार मसान्तसम्मको जम्मा आन्तरिक आम्दानी रू. ६५,७९,३६६.७७ (दहत्तर बहत्तर बाहेक)

# पूर्वाधार विकास शाखा

- बलेफी गाउँपालिका वडा नं. १ स्थित १५ शैयाको अस्पताल भवनको निर्माण कार्य १०० प्रतिशत सम्पन्न,



# पूर्वाधार विकास शाखा

| क्र.सं. | योजनाको नाम | वडा नं. | लागत अनुमान रू. | सम्झौता रकम रू. | निर्माणको अवस्था |
|---|---|---|---|---|---|
| **संघीय समपुरक तर्फको योजना** | | | | | |
| १. | कोठे विन्जेल धुस्कोट सडक निर्माण | ४ र ५ | २,९८,९६,६११ | २,२२,९४,३६९ | १००% काम सम्पन्न भएको |
| **प्रदेश समपुरक तर्फको योजना** | | | | | |
| १. | जलविरे फुल्पिङकोट धुस्कोट सडक स्तरोन्नति | १,२ र ३ | १,९९,९१,८७५ | १,०६,६३,५३१ | १००% काम सम्पन्न भएको |
| २. | खाडीचौर पुरानोगाउँ चिम्लिङ सडक स्तरोन्नति | ७ | १,९९,८०,६७७ | १,३७,८९,९७६ | १००% काम सम्पन्न भएको |

# पूर्वाधार विकास शाखा

| क्र.सं. | योजनाको नाम | वडा नं. | लागत अनुमान रू. | सम्झौता रकम रू. | निर्माणको अवस्था |
|---|---|---|---|---|---|
| प्रदेश सशर्त अनुदान (पूँजीगत) तर्फ को योजना | | | | | |
| ३. | थारथान खोला मेलडाँडा खानेपानी निर्माण | ४ | ७९२०७६३ | ५३२३४१९ | १००% काम सम्पन्न |
| ४. | गडिडाँडा संरक्षण तथा बुद्ध पार्क निर्माण | ४ | ८९७८१२१ | ४८०५३८० | १००% काम सम्पन्न भएको |
| ५. | अर्चले पहिरो नियेन्त्रण | ४ | १९९९६९८ | १७०६१३७ | १००% काम सम्पन्न भएको |

- भू–उपयोग योजना/जग्गा वर्गीकरण सम्बन्धी कार्य सम्पन्न गरियो ।

# पूर्वाधार विकास शाखा

## जिल्ला समन्वय समिति र गाउँपालिकाको साझेदारी कार्यक्रमः

| क्र.सं. | सडकको नाम | वडा नं. | गा.पा.को तर्फबाट | जी.स.स.को तर्फबाट | कुल लागत | निर्माणको अवस्था |
|---|---|---|---|---|---|---|
| १. | रोक्का टोल खानेपानी | ४ | ५,५१,५६७/- | ८,२७,३५०/- | १३,७८,९१८/- | कार्यसम्पन्न भएको |
| २. | कालापानी अदमारा खानेपानी | ५ | ५,२१,८७८/- | ७,८२,८१८/- | १३,०४,६९७/- | कार्यसम्पन्न भएको |
| ३. | बसेरी भन्ज्याङ्गडाँडा खानेपानी | ६ | ४,११,१२८/- | ६,१६,६९३/- | १०,२७,८२२/- | कार्यसम्पन्न भएको |
| ४. | च्यानडाँडा खानेपानी | ३ | ११,०७,४६२/- | १६,६१,११९/- | २७,६८,६५६/- | कार्यसम्पन्न भएको |

# शिक्षा, युवा तथा खेलकुद शाखा

- शैक्षिक सत्र २०८१ को आधारभूत तह शिक्षा परीक्षा संचालन गरी परीक्षा समाप्त भएको ३ दिन भित्र परीक्षाफल प्रकाशन गरिएको छ। परिक्षाको नतिजा तपसिल बमोजिम रहेको छ।

| क्र.सं. | औषत स्तरीकृत अङ्क तालिका | विद्यार्थी सङ्ख्या |
|---|---|---|
| १. | ३.६ भन्दा माथि ४.० सम्म | ६१ |
| २. | ३.२ भन्दा माथि ३.६ सम्म | ११२ |
| ३. | २.८ भन्दा माथि ३.२ सम्म | ८० |
| ४. | २.४ भन्दा माथि २.८ सम्म | २२ |
| ५. | २.० भन्दा माथि २.४ सम्म | २ |
| ६. | १.६ भन्दा माथि २.० सम्म | ० |
| ७. | अवर्गीकृत (NG) | ३९ |
| जम्मा सहभागी विद्यार्थी सङ्ख्या | | ३१६ |
| अनुस्पस्थित विद्यार्थी सङ्ख्या | | १५ |

# शिक्षा, युवा तथा खेलकुद शाखा

- बलेफी गाउँपालिकाको **आधारभूत तह शिक्षा परीक्षा (कक्षा-८) २०८१,** को नतिजामा उत्कृष्ट पाँचमा पर्ने तपसिल बमोजिमको विद्यार्थीहरूलाई सम्मान तथा पुरस्कार वितरण कार्यक्रम सम्पन्न,

| क्र.स. | विद्यार्थीको नाम, थर | प्राप्त गरेको GPA | विद्यालयको नाम |
|---|---|---|---|
| १. | मेरिना तामाङ | 4.00 | श्री बालशिक्षा माध्यमिक विद्यालय |
| २. | रञ्जिता थापा | 3.97 | श्री आनन्द माध्यमिक विद्यालय |
| ३. | निर्भय पराजुली | 3.94 | श्री बालशिक्षा माध्यमिक विद्यालय |
| ४. | सुदिक्षा तिमल्सिना | 3.91 | Greenland Secondary School |
| ५. | रमण ढुङ्गाना | 3.89 | श्री आनन्द माध्यमिक विद्यालय |

- विद्यालय स्तरीय प्रथम त्रैमासिक परीक्षा संचालन गरिएको छ ।
- बलेफी गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुमा अध्यापनरत ३० जना शिक्षकहरुलाई एकीकृत पाठ्यक्रम सम्बन्धि ५ दिने कष्टमाइज्ड तालिम संचालन गरियो ।

# शिक्षा, युवा तथा खेलकुद शाखा

- स्थानीय पाठ्यक्रममा आधारित पाठ्यपुस्तक लेखनका लागि कक्षा १-८ सम्मको विद्यार्थी पाठ्यपुस्तकमा समावेश हुनुपर्ने विषयवस्तुको रुपरेखा तयारी पारी उक्त रुपरेखा बमोजिम कक्षा १(एक) को स्थानीय पाठ्यपुस्तक मस्यौदा लेखन कार्य सम्पन्न,
- **स्थानीय तह स्तरीय राष्ट्पति रनिङशिल्ड प्रतियोगिता, २०८१** सम्पन्न,
- **गाउँपालिकाबाट ११ औं जिल्लास्तरीय राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता -२०८१** को विभिन्न खेल विधामा सहभागी भई पदक प्राप्त गर्न सफल तपसिल बमोजिमका विद्यार्थी खेलाडीहरूलाई सम्मान तथा पुरस्कार वितरण कार्यक्रम सम्पन्न,

| क्र.सं. | पदक | पदक प्राप्त गर्न सफल जम्मा विद्यार्थी संख्या | कैफियत |
|---|---|---|---|
| १. | स्वर्ण | ३ | |
| २. | रजत | १६ | |
| ३. | काश्य | १९ | |

# शिक्षा, युवा तथा खेलकुद शाखा






# शिक्षा, युवा तथा खेलकुद शाखा

- गणतन्त्र दिवस-२०८२ को उपलक्ष्यमा बलेफी गाउँपालिका र सुनकोशी गाउँपालिकाको कर्मचारीबिच मैत्रीपूर्ण फुटबल प्रतियोगिता अत्यन्तै सौहार्दपूर्ण सम्पन्न भएको छ।



# स्वास्थ्य शाखा

- गाउँपालिका भित्र रहेका प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, आधारभूत स्वास्थ्य सेवा केन्द्रहरुमा न्युनतम सेवा मापदण्ड (MSS) मापन कार्यक्रम संचालन तथा सम्पन्न गरियो।
- बलेफी गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरुको प्रमुख तथा प्रतिनिधिहरुको उपस्थितिमा "**रिपोर्ट संकलन तथा भेरिफिकेशन कार्यक्रम**" संचालन,
- गाउँपालिका अन्तर्गतका सबै स्वास्थ्य संस्थाहरु बाट निः शुल्क औषधि वितरण गर्नको निमित्त औषधी E-Bidding मार्फत १८ लाखको औषधी खरिद गरि सम्बन्धित सबै संस्थाहरुमा औषधि ढुवानी गरि वितरण,
- महिलाहरुको पाठेघरको मुखको क्यान्सर रोकथाम तथा नियन्त्रणको लागि १० देखि १४ वर्ष तथा कक्षा ६ देखि १० सम्म विद्यालयमा अध्ययनरत किशोरीहरुलाई **H.P.V.** खोप अभियान २०८१ यस पालिकामा संचालन तथा सम्पन्न,
- द रेयुकाइ एईको मासुनागा आँखा अस्पताल बनेपा र तिलगंगा आँखा अस्पताल काठमाण्डौ प्राविधिक सहयोगमा वडा न. २ र ६ मा मोतियाविन्दु न्युनिकरण आँखा शिविर संचालन,

# स्वास्थ्य शाखा

- मासिक रु ५०००/- को दरले प्राप्त गर्ने दिर्घरोगीहरुको खर्च समयमा उपलब्ध गराइएको ।
- प्रा.स्वा.के. जलबिरेसँगको सहकार्यमा १ दिने दन्त शिविर संचालन,
- लायन्स इन्टरनेसनल एन. एम. सी. डाक्टर सँगको सहकार्यमा वडा न. ३ मा बृहत निःशुल्क स्वास्थ्य शिविर संचालन,
- एकीकृत प्रजनन स्वास्थ्य रुग्णता स्क्रिनिङ तथा व्यवस्थापन सम्बन्धी १ दिने निःशुल्क शिविर ७ नं. वडा कार्यालयमा संचालन गरियो ।
- सबै वडाहरुमा आँखा जाँच (स्क्रिनिङ) शिविर संचालन गरि मोतियाबिन्दु भेटिएका ५४ जना केशको शल्यक्रिया शिविर जलबिरे प्राथमिक स्वास्थ्य सेवा केन्द्रमा जनस्वास्थ्य कार्यालयसंगको सहकार्यमा संचालन गरियो।
- SBA तथा non-SBA नर्सिङ्ग स्टाफहरुको लागि ३ दिने स्थलगत कोचिंग/ मेन्टरिंग कार्यक्रम सबै संस्थाहरुको नर्सिंग स्वस्थ्यकर्मीहरुलाई समेट्दै प्राथमिक स्वास्थ्य केन्द्र जलबिरे र फुलिपिङडाँडा स्वास्थ्य चौकीमा संचालन गरियो।

# स्वास्थ्य शाखा

- बलेफी गाउँपालिकामा आ.व.२०८१/८२ मा पूर्ण खोप सुनिश्चितता र दिगोपना घोषणा कार्यक्रम सम्पन्न भयो।






# कृषि विकास शाखा

| क्र.सं. | कार्यक्रमको नाम | लाभान्वित जनसंख्या | कैफियत |
|---|---|---|---|
| १. | नियमित बाली रोग तथा किरा नियन्त्रण कार्यक्रम | ८३५ | रोग तथा किरा नियन्त्रणको लागि आवश्यक विषादी तथा ल्यूर। |
| २. | प्राविधिक सेवा प्रवाह | ४६ घरधुरी | विभिन्न बालीनालीमा देखिएको समस्या पहिचान, समाधानको उपायमा सहजीकरण र विषादी वितरण |
| ३. | कृषकहरूलाई तालिम | प्रत्यक्ष तर्फः ६१ जना | वडा नं. १ र ७ मौरीपालन कार्यक्रम वडा कार्यसमितिबाट छनौटमा परेका कृषकहरूलाई तालिम प्रदान गरिएको, |
| ४. | मिनी टिलर (हाते ट्याक्टर) ५०% अनुदानमा वितरण कार्यक्रम | प्रत्यक्ष तर्फः ८१३ घरधुरी अप्रत्यक्ष तर्फः ४८२९ घरधुरी | बलेफी गाउँपालिका कृषि क्षेत्र र कृषकहरूलाइ व्यवसायीकता, आधुनिकीकरण तर्फ प्रात्साहनमा टेवा पुग्ने |
| ५. | उपाध्यक्ष फलफूल खेती प्रवर्द्धन कार्यक्रम | कृषक, कृषि समूह/फर्म/सहकारीलाई वितरण बलेफी गाउँपालिका क्षेत्रभित्र | बलेफी गाउँपालिका फलफूल उत्पादनमा आत्मनिर्भर भई, राष्ट्रिय स्तरका बजार माग आपूर्तिमा टेवा पुग्ने |

# कृषि विकास शाखा



# पशु सेवा शाखा

- गाउँपालिका तथा वडा तर्फको अनुदान १० वटा फर्मसँग अनुदान कार्यक्रम सम्झौता भएको,
- वडा नं. ५ र ७ मा उन्नत जातको गाई वितरण कार्य सम्पन्न,
- ८ वटै वडामा पि.पि.आर. खोप लगाईएको,
- डेरी प्रवर्द्धन कार्यक्रम सम्झौता,
- करिब ४,००० भन्दा बढी जनवारहरूको उपचार गरिएको,

# सामाजिक तथा आर्थिक विकास शाखा

- कार्यस्थलमा आधारित सीप/क्षमता विकास र जीवन उपयोगी ५० दिने तालिम संचालन,



# सामाजिक तथा आर्थिक विकास शाखा

- बलेफी गाउँपालिका र सामाजिक विकास कार्यालयको साझेदारीमा विपन्न दलित सशक्तिकरण कार्यक्रम अन्तर्गत पन्चे बाजा शिक्षण कार्यक्रम बलेफी गाउँपालिका २ नं. वडामा सम्पन्न,



# आर्थिक विकास तथा विपद व्यवस्थापन उपशाखा

| क.सं. | कार्यक्रम विवरण | कैफियत |
|---|---|---|
| १. | अस्थायी आवास निर्माणका लागि २५ जना लाभग्राही कायम भई जनही रु. २५,०००/- का दरले जम्मा रकम रु.६,२५,०००/- निकासा भई सम्बन्धित लाभग्राहीहरुको खातामा जम्मा भएको । | |
| २. | ३ जना लाभग्राहीहरुले अस्थायी आवास निर्माण सम्पन्न गरेको । | |
| ३. | २०८१ असोज ११ र १२ गतेको भीषण बाढी पहिरोको कारण वडा नं. २ को अर्चलेमा पुरिएको खेतीयोग्य जमीनको पहिरो ठेक्का आव्हान गरी पन्छाउने काम भैरहेको । | |
| ४. | २०८१ असोज ११ र १२ गतेको भीषण बाढी पहिरोको कारण गाउँपालिकाभरी क्षति भएका खानेपानी तथा सिंचाईको योजनाहरुलाई वितरण गर्ने प्रयोजनका लागि पाइप खरिद गरी वितरण गरिएको । | |
| ५. | स्थानीय विपद तथा जलबायु उत्थानशील कार्याढाँचा (DCRF) निर्माण प्रकृयामा रहेको | |

# सूचना प्रविधि तर्फ

- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगबाट कार्यसम्पादनमा आधारित वित्तीय समानीकरण अनुदानका लागि गरिने मूल्यांकनमा बलेफी गाउँपालिकाले ६७.९ अंक सहित सिन्धुपाल्चोक जिल्लामा प्रथम स्थान हासिल गरेको छ ।
- आ.व. २०८०/०८१ को वित्तीय सुशासन जोखिम मूल्याङ्कन **(FRA)** मा ९२ अंक प्राप्त गरिएको छ।
- आ.व. २०८०/०८१ को संस्थागत क्षमता स्वमूल्याङ्कन **(LISA)** को विषयक्षेत्र अन्तर्गतका सूचकहरुमा विवरण प्रविष्टि गरि अन्तिम नतिजा ९१ अंक प्राप्त गरिएको छ ।
- गाउँपालिका मातहतका सबै कार्यालयहरूको आधिकारिक फेसबुक पेज निर्माण सो पेजबाट सूचना प्रवाह गर्ने कार्यको सुरुवात गरिएको छ।
- हस्त लिखित अपाङ्गता परिचय पत्र वितरण कार्यलाई प्रतिस्थापन गरी नेपाल सरकार, महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयद्वारा संचालित **Social Information Management System (SIMS)** प्रणाली मार्फत वितरण गर्न थालिएको छ ।

# सूचना प्रविधि तर्फ

- **“वडा कार्यालयका कर्मचारीहरूलाई CCIMS सम्बन्धी अभिमुखीकरण कार्यक्रम”** संचालन गरी सम्पूर्ण वडा कार्यालयहरूबाट अनलाइनबाट नागरिकता सिफारिस गर्ने कार्यको सुरुवात गरिएको छ ।
- **“व्यवस्थापन सूचना प्रणाली”** कार्यक्रम संचालन मार्फत गाउँपालिका भित्रका सम्पूर्ण वडा कार्यालयहरू र स्वास्थ्य संस्थाहरूमा रहेका सूचना प्रणालीसँग सम्बन्धित समस्याहरूको तत्काल समाधान गरिएको छ ।



# न्यायिक समिति

- बलेफी गाउँपालिका वडा नं. ३ र ७ स्थित **"विद्यालयमा कानुनी सचेतना कार्यक्रम"** संचालन,
- मेलमिलापकर्ताहरूको लागि ३ दिने पुनर्ताजकि तालिम सम्पन्न



# महिला, बालबालिका तथा समाज कल्याण उपशाखा

- तिज विशेष कार्यक्रम सम्पन्न,
- लैंगिक हिंसा विरूद्धको १६ दिने अभियान सम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न,
- बागमति प्रदेश सामाजिक विकास मन्त्रालय र पालिका संगको साझेदारी **गृहिणी महिला सशक्तीकरण कार्यक्रम** अन्तर्गत विभिन्न कार्यक्रमहरू संचालन,






# महिला, बालबालिका तथा समाज कल्याण उपशाखा

- गृहिणी महिला सशक्तिकरण कार्यक्रम अन्तर्गतको १ महिने मुढा बनाउने आधारभुत तालिम कार्यक्रम बलेफी गाउँपालिका, २ नं. वडामा सम्पन्न,





# कार्यक्रम तर्फ

## प्रधानमन्त्री रोजगार कार्यकम

- ८ वटै वडामा श्रमको सम्मान राष्ट्रको अभियान कार्यक्रम ८ वटा सम्पन्न भएको।,
- ८ वटा आयोजनाको रोजगार उपभोक्ता समितिलाई अनुशिक्षण कार्यक्रम सम्पन्न भएको,
- ५० दिने कार्यस्थलमा आधारित सीप विकास तालिम सम्पन्न भएको,
- प्रत्येक वडामा आयोजनाहरु संचालन भइरहेको, संचालित आयोजनाहरुमा गाउँपालिकाको ४,५०,०००/- लागत साझेदारी भएको ।
- आ.व. २०८२/०८३ को लागि न्यूनतम रोजगारीमा संलग्न हुनका लागि बेरोजगार दर्ता अभियान संचालन गरी निवेदन फारम संकलन गर्ने कार्य सम्पन्न गरिएको ।
- रोजगारीमा संलग्न भएका व्यक्तिहरूलाई ५० दिनको ज्याला भुक्तानी भएको,

# कार्यक्रम तर्फ

## बालमैत्री स्थानीय शासन कार्यक्रम

- बलेफी गाउँपालिकाको वडा नं. ५, बलेफी गाउँपालिकाको पहिलो बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा भएको छ,



# कार्यक्रम तर्फ

## गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यकम

- डल तथा कुशन बुनाई तालिम संचालन भईरहेको,
- गलैचा बुनाई तालिम संचालन भईरहेको,
- ट्याक्टर मर्मत तालिम सम्पन्न,
- च्याउ खेति तालिम संचालन भईरहेको,



## उल्लेखनिय कार्यहरु मध्ये अनुकरणीय कुनै एक अभ्यासको विस्तृतीकरण

- बलेफी गाउँपालिकाको वडा नं. ५, बलेफी गाउँपालिकाको पहिलो बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा भएको छ,

- उपाध्यक्ष फलफूल खेती प्रवर्द्धन कार्यक्रम,

## स्थानीय तहले अनुभूत गरेका प्रमुख समस्या

१. अनुदानका रकम समयमा नआउँदा भुक्तानीमा ढिलाई हुनु,
२. आन्तरिक आय वृद्धि गर्ने स्रोतहरुको कमि हुनु,
३. सिमित स्रोत भएकाले जनताको सबै माग सम्बोधन गर्न नसकिएको,
४. टुक्रे तथा स-साना योजना तथा कार्यक्रमहरु कायम रहनु,
५. गाउँघरमा दक्ष जनशक्ति तथा युवाहरू कम भएकोले योजना तथा कार्यक्रम कार्यान्वनयन गर्न कठिनाई हुने,
६. बजेट तथा कार्यक्रम कार्यान्वनयनमा आम सरोकारवाला तथा जनताको सहभागितामा कमि हुनु,
७. अनुगमन, मूल्यांकन, सार्वजनिक तथा सामाजिक सुनुवाईमा आम नागरिकको चासो कम रहेको,
८. उपभोक्ता समिति तथा निर्माण व्यवसायीले समयमा योजना तथा कार्यक्रम सम्पन्न नगर्दा भुक्तानी गर्न अन्तिम समयमा बढी भार परेको,

# पर्यटकीय स्थलहरु



वडा नं.३ मा रहेको ठुलो छाँगा झरना



वडा नं.५ स्थित चुलीडाँडा

# पर्यटकीय स्थलहरु



वडा नं.३ मा रहेको कर्मा डुपग्युलिङ गुम्बा



कपिलेश्वर महादेव मन्दिर

# धन्यवाद

